# *कार्निभल* कथासङ्ग्रहमा अभिव्यक्त मूल स्वर

सुरज पौडेल
उपप्राध्यापक, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस
*https://doi.org10.3126/kanyaj.v4i1.57076*

**सार**

*प्रस्तुत कार्निभल कथासङ्ग्रहमा अभिव्यक्त मूल स्वर' शीर्षकको आलेख मूल स्वरका दृष्टिले कथासङ्ग्रहको विश्लेषण गर्ने उद्देश्यले तयार पारिएको हो । कार्निभल (२०७६ ) कथाकार भूमिराज बस्ताकोटीद्वारा लेखिएका १२ वटा कथाहरूको सङ्ग्रह हो । आलेख तयार पार्ने सन्दर्भमा मूलतः पुस्तकालय कार्यको उपयोग गरी सङ्कलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूको अध्ययनबाट प्राप्त तथ्यलाई तर्क, प्रमाण/साक्ष्य र उदाहरणका आधारमा पुष्टि गरिएको छ । आवश्यक ठाउँमा पूर्वअध्येताहरूसँग संवाद वा छलफल गर्दै तुलना र भिन्नता छुट्याउने कामसमेत गरिएको छ । मूल स्वरलाई केन्द्रमा राखेर कथाहरूको अध्ययन र विश्लेषणका क्रममा विनिर्माण, यौन मनोविज्ञान, सामाजिक विकृति र विसङ्गतिप्रति असन्तुष्टि, पर्यावरणीय चेत र पशुअधिकार, नारीवादी स्वर नै मूल स्वरका रूपमा देखा परेका छन् । आधुनिक र उत्तरआधुनिक भावधारा र शैलीको उपयोग गरी लेखिएका कथाहरू स्वरका दृष्टिले उत्कृष्ट नै देखिन्छन् । यति भएर पनि बौद्धिकता र तार्किकताले थिचिएका कतिपय प्रयोगशील कथाहरू भावसम्प्रेषणका दृष्टिले जटिल बन्न पुगेका छन् भने छोटा आयामका कथाहरूमा घटनाको अस्वाभाविक विकास र तीव्रताले कथाको मूल मर्ममा चोट पुगेको छ । आयामका दृष्टिले मौनकोट, कार्निभल कथा थोरै लामा देखिए पनि संक्षिप्तताभित्र पूर्णताको खोजीका साथ रचना गरिएको कार्निभल कथासङ्ग्रह भावसघनता र स्वरका कोणबाट उत्कृष्ट देखापर्दछ ।*

**मुख्य शब्द** : कार्निभल, नारीवाद, पर्यावरण, यौन मनोविज्ञान, विनिर्माण ।

## विषयउठान

*कार्निभल* (२०७६) भूमिराज बस्ताकोटी (२०३६) द्वारा रचना गरिएको कथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा विभिन्न आयामका १२ वटा कथाहरू सङ्ग्रहित छन् । १०८ पृष्ठमा संरचित यस कथासङ्ग्रहमा क्रमशः न्याय पाऊँ सरकार, य्याई, बिदाइ, के पटाक्षेप हुन्छ र कथाको ?, मौनकोट, टुसा व्यापारी, समाचार, बोके जुलुस, ठुलाबा, कार्निभल, आँखा, न्याय पाऊँ सरकार २ शीर्षकका कथाहरू समाविष्ट छन् । आयामका दृष्टिले मौनकोट, कार्निभल अलि लामा र समाचार छोटो आयाममा बुनिएका छन् । बाँकी अन्य कथाहरू पनि लघु आयामकै भेटिन्छन् । बिएन पुस्तक संसार प्रा.लि., काठमाडौँबाट प्रकाशन गरिएको *कार्निभल* कथासङ्ग्रहमा विष्णुप्रसाद पौडेलले 'सङ्ग्रहबारे स्वविमर्श' शीर्षकमा लामो भूमिका लेखेका छन् । भूमिका लेखनको शैली रोचक र प्रयोगशील देखिन्छ । अ, आ, इ जस्ता पात्रहरूलाई उपस्थित गराएर उनीहरूका बिचमा तरकारी तथा फलफूलको खेती गर्ने सन्दर्भमा हाम्रा अग्रजहरूले धेरै पहिलेदेखि नै 'कलमी' प्रविधिको उपयोग गरेर धेरै उत्पादन गर्ने गरेको विषयमा संवाद चलाइएको छ । साथै भूमिका लेखक स्वयम् भावक क, ख, ग का रूपमा उपस्थित भएर भावक 'क' ले उत्तरआधुनिक, भावक 'ख' ले आधुनिक र भावक 'ग' ले समन्वयवादी कोणबाट कथासङ्ग्रहले अगाडि सारेका विषय, विचार र शैलीमाथि विमर्श गरेका छन् ।

*परिस्थिति* (२०५९) उपन्यासको प्रकाशनपछि नेपाली साहित्य लेखनको औपचारिक यात्रा आरम्भ गरेका बस्ताकोटीका *निर्मोचन* (२०६८), *निमित्त मात्र . . .* (२०७१) जस्ता उपन्यास प्रकाशित छन् भने 'स्वैरकल्पना र उपन्यासकार ध्रुवचन्द्र गौतम' (२०६६) समालोचनात्मक कृति पनि प्रकाशित छ । मूलतः आख्यानमा कलम चलाउन रुचाउने बस्ताकोटीको *कार्निभल* प्रकाशनका दृष्टिले पाँचौ कृति भए पनि कथा लेखनका दृष्टिले पहिलो सङ्ग्रह हो । सर्जक सिर्जनाका अतिरिक्त शोध र समालोचनामा पनि क्रियाशील देखिन्छन् । पछिल्लो समय उनको कलम फुटकररूपमै भए पनि कविता, मुक्तक रचनामा समेत दौडिएको छ । आलोचनात्मक चेत भएका सर्जक तथा समालोचक बस्ताकोटी अरुको लेखनमा भएका सीमाहरू औँल्याउन खप्पिस छन् । तार्किक र बौद्धिक बहस गर्न रुचाउने सर्जकको लेखनीमा पनि यसको प्रभाव पाइन्छ । हृदयको पोखाइभन्दा बढ्दा तार्किकता र बौद्धिकताले थिचिएका रचनाहरूले स्वभावतः बौद्धिक पाठकको अपेक्षा गर्दछन् । लेखनमा नयाँ नयाँ प्रयोग गर्न रुचाउने सर्जकका रचनाहरू पढ्दा उनी प्रयोगशील रचनाकार हुन् भन्ने देखिन्छ । साहित्यका माध्यमबाट जीवन जगत्लाई दृष्टिगत गर्दा उनी मूलतः उत्तरआधुनिक कोणबाट हेर्ने चेष्टा गर्दछन् । यद्यपि उनका कतिपय आख्यानहरू आधुनिकताबाट मुक्त हुन सकेका छैनन् । उनको मौलिकता भनेकै अनुभूत गरेका कतिपय विषयवस्तुलाई कलात्मक कोणबाट व्याख्या विश्लेषण गर्नु र फरक तरिकाले पस्केर पाठकलाई भिन्न स्वाद चखाउनु नै हो । *कार्निभल* भित्रका कथाहरूले पनि यस्तै भिन्नभिन्न स्वादहरू चखाएर पाठकको भोक जगाउने काम गरेका छन् । मूल स्वरका दृष्टिले *कार्निभल* लाई केलाउने प्रयत्न यहाँ गरिएको छ ।

## समस्याकथन र उद्देश्य

मूल स्वरका दृष्टिले *कार्निभल* कथासङ्ग्रहलाई व्याख्या विश्लेषण गर्नु आफैँमा गहन र महत्त्वपूर्ण कार्य हो । कुनै पनि साहित्यिक कृतिका माध्यमबाट सर्जकले कुन कुन स्वरलाई कसरी मुखरित गर्छ भन्ने विषयमा पूर्व र पश्चिममा धेरै पहिलेदेखि सिद्धान्तनिष्ठ शास्त्रीय मान्यताहरू रहँदै आएका छन् । यिनै मान्यताहरूलाई आधार बनाएर साहित्यिक कृतिको व्याख्या विवेचना पनि भएको पाइन्छ । यसो भए पनि *कार्निभल* कथासङ्ग्रहको मूल स्वर के हो र कथामा ती स्वरहरू कसरी मुखरित भएका छन् भनी अध्ययन विश्लेषण भएको पाइँदैन । त्यसैले यो लेख *कार्निभल* कथासङ्ग्रहको मूल स्वर के हो भन्ने मुख्य शोध्य समस्यामा केन्द्रित रहेको छ । कथाकार भूमिराज बस्ताकोटीद्वारा लिखित *कार्निभल* कथासङ्ग्रहमा अभिव्यक्त मूल स्वर पहिल्याई व्याख्या विश्लेषण गर्ने उद्देश्यले यो लेख तयार गरिएको हो ।

## अध्ययन विधि र प्रक्रिया

यो अध्ययन मूलतः गुणात्मक प्रकृतिको छ । प्रस्तुत आलेख तयार पार्ने सन्दर्भमा पुस्तकालय कार्यको उपयोग गरी सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा कथाकार भूमिराज बस्ताकोटीको *कार्निभल* कथासङ्ग्रह र द्वितीयक स्रोतका सामग्रीका रूपमा यस अध्ययनसँग सम्बन्धित लेख, समालोचना, पाठकीय टिप्पणी, मूल स्वरसँग सम्बन्धित सैद्धान्तिक मान्यता र अवधारणा आदिलाई उपयोग गरिएको छ । सङ्कलित सामग्रीहरूको अध्ययनबाट प्राप्त सूचना वा तथ्यलाई वर्णनात्मक ढाँचामा व्याख्या विश्लेषण गरिएको छ । सङ्ग्रहभित्रका कथाहरूले बोकेका मूल स्वरलाई भिन्नभिन्न थिमहरू निर्माण गरी लेखकीय दाबी र ती दाबीलाई

पुष्टि गर्न कथाका उपयुक्त सन्दर्भ र प्रसङ्गहरूलाई साक्ष्य/प्रमाणका रूपमा प्रस्तुत गरिएको छ । साथै प्रस्तुत आलेखसँग सम्बन्धित पूर्व अध्येताहरूसँग सन्दर्भ र प्रसङ्गअनुसार आपसमा संवाद गर्दै लेखलाई थप व्यवस्थित र प्राज्ञिक बनाउने प्रयत्न गरिएको छ। सन्दर्भाङ्कन, सन्दर्भ सूची, शीर्षकीकरण, अनुच्छेदविन्यासको व्यवस्थापन तथा सम्पादनका लागि एपिए सातौँ संस्करणलाई अनुसरण गरिएको छ।

## पूर्वकार्यको समीक्षा

*कार्निभल* (२०७६) कथा सङ्ग्रहमाथि विभिन्न टिप्पणी, समालोचना र प्रतिक्रिया अभिव्यक्त गर्ने कार्य हुँदै आएका छन् । यी कार्यहरूको समीक्षा गर्दै अगाडि बढेमा आफ्नो लेखन कार्यको औचित्य पुष्टि हुनुका साथै लेखनलाई थप बलियो, व्यवस्थित र विश्वसनीय बनाउन मद्दत पुग्ने हुनाले यहाँ त्यस्ता पूर्वकार्यको समीक्षा गरिएको छ ः

भण्डारीद्वारा लिखित '*कार्निभल* ः छोटो छलफल' शीर्षकको लेखमा *कार्निभल* र कार्निभलका लेखकप्रति टिप्पणी गर्दै भण्डारीले भनेका छन् ः

> छिद्र खोज्ने धेरै ठाउँ छन् तर थोरै शब्दमा धेरै भन्ने खुबी डा. भूमिराज बस्ताकोटीले देखाएका छन् । शब्द सञ्चिति अर्थात् शब्दको फारूपना घतलाग्दो छ। मूल्य चर्को छैन, पढ्न झर्को लाग्दैन । साहित्य समाजमा राखिने हो । समाज ध्वस्त पारिँदै छ। लेखकहरूले लेखेर वैयक्तिक आत्मआल्हाद प्राप्त गर्न सक्छन् । अब सामाजिकता नै साहित्यकारहरूको मुख्य ध्येय हुनुपर्ला कि ? (२०७६ माघ ४) ।

भण्डारीले बस्ताकोटीका कथाहरूमा सीमा औँल्याउने प्रशस्त ठाउँहरू भए पनि सङ्क्षिप्तताभित्र पूर्णताको खोजी गर्दै कथाका घटना तथा सन्दर्भहरूको प्रस्तुति रोचक भएको तथ्यलाई अगाडि सारेका छन् । साथै कला कलाका लागि नभएर जीवनका लागि हुनुपर्ने कुरामा उनको जोड रहेको छ।

पौडेल (२०७६) ले '*कार्निभल*को कार्यशाला' शीर्षकको आलेख प्रकाशित गरेका छन् । पौडेलले यस आलेखमार्फत *कार्निभल* कथासङ्ग्रहलाई शैलीशिल्प र विषयका कोणबाट चिरफार गरेका छन् । शैलीशिल्पका दृष्टिले प्रयोगशीलता र विषयवस्तुका दृष्टिले सामाजिक यथार्थ नै कार्निभल कथासङ्ग्रहको मूल वैशिष्ट्य हो भनी पौडेलले बताएका छन् । जटिल प्रयोगलाई पनि सहज किसिमको प्रस्तुतिले कथाहरूमा कलात्मक सौन्दर्य थपिदिएको छ । आधुनिक विषयलाई उत्तरआधुनिक शैलीको उपयोग गरेर पस्कन सक्ने सामर्थ्य कथाकारमा देखिन्छ। विनिर्माण, सामाजिक तथा मनोवैज्ञानिक यथार्थ, स्वैरकल्पना, प्रयोगशीलता कथाका सबल पक्ष हुन् भने कतिपय कथामा शैलीगत जटिलता देखिनु र बौद्धिकताले थिच्नुलाई सीमाका रूपमा औँल्याउन सकिने पौडेलको दाबी रहेको छ।

थापा (२६ डिसेम्बर २०१९) ले *कार्निभल* कथासङ्ग्रहमाथि पाठकीय टिप्पणी प्रस्तुत गर्दै कथाकार बस्ताकोटीले पौराणिक, ऐतिहासिक र आधुनिक पात्रलाई जुटाएर तिनको चरित्रमाथि प्रश्न उठाउने र घटनाको पुनर्व्याख्या गर्न त खोजेका छन् तर यो त रावणलाई नायक र रामलाई खलनायक देख्ने आइएनजिओसम्बद्ध कुनै महिलाको भनाइजस्तो मात्र हुन्छ कि भनी जिज्ञासा राखेका छन् । साथै कथाकार फ्रायडवादबाट प्रभावित भएर कतिपय कथाहरू सिर्जना गरेको उनको तर्क छ । उनकै शब्दमा कार्निभल, ग्याई, आँखालगायतका कतिपय कथाहरू

यौनको चास्नीमा डुबाइएको छ । 'ठुलाबा' कथाले "द डिजर्टेड भिलेज" को मार्मिक र दुःखान्त परिदृश्यलाई देखाएको छ । कथाकार स्वयम् नेपाली भाषाका प्राध्यापक भएर पनि कथामा अङ्ग्रेजी भाषाका शब्दहरू प्रयोग गरेकोप्रति थापाले कटाक्ष गरेका छन् ।

गौतम (२७ मार्च २०२०) ले सामाजिक सञ्जाल अनुहार पुस्तिकामार्फत 'कानिर्भल' कथा सङ्ग्रहमाथि आफ्नो पाठकीय प्रतिक्रिया प्रस्तुत गरेका छन् । कथासङ्ग्रहमा सङ्ग्रहित १२ वटा कथामाथिको सङ्क्षिप्त टिप्पणी उनको रहेको छ। टिप्पणीकै क्रममा उनले 'ठुलाबा' शीर्षकको कथाले गाउँ कुरेर काल पर्खिरहेका बाआमाहरूको जीवन्त कथालाई मार्मिक ढङ्गले प्रस्तुत गरेको हुनाले असाध्यै मन परेको कुरा अभिव्यक्त गरेका छन् । गौतमले आफू कथाकारको लेखन शैलीबाट मोहित भएको कुरा उल्लेख गर्दै *कार्निभल* का प्रत्येक कथाले पाठकलाई भिन्न भिन्न स्वादका परिकार पस्केको उनको ठम्याइ छ । स्वैरकल्पना, संवेदनशीलता र पशुप्रेम, न्यायको माग, यौन कुण्ठा र ढौंगी चरित्र, नेपाली जनताको नियति, सामाजिक यथार्थताजस्ता पक्षहरूलाई कथाले राम्रैसँग चिरफार गरेको तथ्यलाई उनले अगाडि सारेका छन् । यति भएर पनि 'बिदाइ' कथाले अमेरिका जानुलाई गहिरो पोखरीमा हाम फालेको रूपमा लिएको र 'टुसा व्यापारी' मा कथाकार पोथी जातिप्रति अलि बढी नै पूर्वाग्रही भएको कुरा गौतमलाई मन परेको छैन ।

सुवेदी (३१ मार्च २०२१) ले पनि सामाजिक सञ्जाल अनुहार पुस्तिकामार्फत *कार्निभल* कथा सङ्ग्रहमाथि सङ्क्षिप्त टिप्पणी गरेका छन् । टिप्पणीका क्रममा कथाकारको लेखनशैलीबाट आफू अत्यन्त प्रभावित भएको कुरा बताउँदै कथाका पात्रहरू र तिनले बोकेको विषय सजीव रहेको तथ्यलाई अगाडि सारेका छन् । मन परेको कथाबाट भन्दै उनले 'ठुलाबा' का केही अंशलाई साभार गरेका छन् । 'ठुलाबा' कथाले ग्रामीण परिवेश र त्यहाँको यथार्थ विषयलाई कलात्मक ढङ्गले पस्केको छ ।

यसरी *कार्निभल* कथा सङ्ग्रहमा केन्द्रित भएर गरिएका पूर्वकार्यहरूलाई दृष्टिगत गर्दा छिटफुटरूपमा कथाले बोकेका मूल स्वरका बारेमा कुरा आएको भए पनि 'मूल स्वर' मै केन्द्रित भएर व्यवस्थित अध्ययन हुन बाँकी रहेको पाइन्छ । त्यसैले यहाँ मूल स्वरका दृष्टिले *कार्निभल* कथासङ्ग्रहमाथि विमर्श गरिएको छ ।

## *कार्निभल* मा अभिव्यक्त मूल स्वर

कुनै पनि साहित्यक कृतिलाई विभिन्न आधारमा विश्लेषण गर्न सकिन्छ । कृति विश्लेषणको आधार कृतिले बोकेको विषयवस्तु र शैलीशिल्पमा निर्भर गर्दछ । *कार्निभल* कथासङ्ग्रहलाई साहित्यिक कोणबाट मात्र नहेरेर समाजशास्त्रीय र भाषाशास्त्रीय कोणबाट पनि विश्लेषण गर्न सकिन्छ । यद्यपि यस लेखको मुख्य उद्देश्य नै कथासङ्ग्रहको मूल स्वर पहिल्याउनु भएकाले यहाँ सोहीअनुरूप *कार्निभल* को व्याख्या विश्लेषण गरिएको छ :

### विनिर्माण

परम्परागत मान्यताको बेवास्ता गरी पूर्वनिर्मित कृतिलाई भत्काएर पुनः निर्माण गर्नुलाई विनिर्माण (Deconstruction) भनिन्छ । विनिर्माणको सिद्धान्तसँग सम्बन्धित समालोचनालाई विनिर्माणवादी

समालोचना भनिन्छ (पौड्याल, २०७०, पृ. १०१) । विनिर्माणले पूर्वस्थापित मूल्यमान्यता र केन्द्रलाई भत्काएर किनारीकृतहरूको आवाजलाई बुलन्द गर्ने भएकाले यो शैली मात्र नभएर स्वर पनि हो । *कार्निभल* कथासङ्ग्रहका मुख्यतः चारवटा कथाहरू विनिर्माण गरी रचना गरिएका छन् । त्यस्ता विनिर्मित कथाहरूमा 'न्याय पाऊँ सरकार', 'न्याय पाऊँ सरकार-२', 'के पटाक्षेप हुन्छ र कथाको ?', 'समाचार' पर्दछन् ।

'न्याय पाऊँ सरकार' र 'न्याय पाऊँ सरकार-२' कथामा कथाकारले शिशुपाल, भीष्म, कृष्ण, पाण्डु, व्यास, कुन्तीजस्ता पौराणिक पात्र र राम शाहजस्ता ऐतिहासिक पात्रलाई पुनर्जीवित गरेर समसामयिक भूमिकामा उभ्याएका छन् । साथै डा. भट्टराई, राजेश्वर, प्रचण्डजस्ता यथार्थ पात्रहरूलाई पनि कथामा उपस्थित गराएर स्वैरकल्पनाका माध्यमबाट महाभारत र गोर्खाको ऐतिहासिक सन्दर्भलाई कथामा जोडिएको छ । देवता (कृष्ण) र दानव (शिशुपाल) को भाष्य (डिस्कोर्स) उल्ट्याएर समसामयिकता प्रदान गर्न सक्नु 'न्याय पाऊँ सरकार' कथाको मूल वैशिष्ट्य मानिन्छ । 'न्याय पाऊँ सरकार-२' कथामा माथि उल्लिखित पौराणिक, ऐतिहासिक र सामाजिक जीवनका यथार्थ पात्रहरू गोर्खाका राजा राम शाहको कचहरीमा जम्मा भई 'तीनपाने' को स्वादले मातिएपछि सम्भोग वा यौनक्रीडासम्बन्धी गतिविधिमा संलग्न भएका प्रसङ्गहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । गोर्खाका राजा राम शाह र हस्तिनापुरका चक्रवर्ती सम्राट् पाण्डुका बिच लामै संवाद चलाइएको छ । संवादका क्रममा पाण्डुले पटकैपिच्छे 'मेरा त बा नै बैगुनी' भन्ने वाक्यांश दोहोऱ्याएका छन् भने राम शाहले न्याय माग्न आएकाहरूलाई 'भाड मे जाए न्याय' भन्दै कचहरी बन्द गरेको प्रसङ्ग उल्लेख गरिएको छ । यसरी हेर्दा कथाका पौराणिक र ऐतिहासिक पात्रहरूले आफ्नो परम्परागत भूमिकाप्रति असहमति जनाउँदै नयाँ भूमिकाको खोजी गरेका छन् । राम शाहले न्याय छिन्न नसक्दा कचहरी बन्द गर्नु र शिशुपालले 'कृष्ण ईश्वर हुन्' भन्ने कुरा भीष्मको केवल कोरा कल्पना मात्रै हो भन्ने कुरालाई अगाडि सार्नुले पुरानो आदर्श भत्किएको छ । कथाको यो प्रसङ्ग र घटनाले केवल पुरानो आदर्शलाई भत्काएको मात्र छैन सत्य र न्यायका विषयमा समय र युगसापेक्ष सोच्न पाठकलाई बाध्य बनाएको छ । 'के पटाक्षेप हुन्छ र कथाको ?' कथामा विपीका तीन कथा मधेसतिर, शत्रु र दोषी चस्माको विनिर्माण गरी नयाँ सन्देश दिन खोजिएको छ । खासगरी यी कथाका घटना, प्रसङ्ग र पात्रलाई विनिर्माण गरी नारी अस्तित्वको खोजी गर्ने कार्य यस कथाले गरेको छ । 'शत्रु' कथाको कृष्ण राय र 'मधेसतिर' कथाकी विधवा (डोल्मा) का बिचमा विवाह भएको देखाएर माइतमा बसाइएकी कृष्ण रायकी जेठी श्रीमतीले विवाहको कुरा थाहा पाएपछि आफूमाथि भएको अन्याय सहन नसकेर लोग्नेको शिरमा रक्ताम्य हुने गरी लठ्ठी प्रहार गरेको बयान पुलिससमक्ष दिएर विद्रोहको ज्वाला ओकलेको प्रसङ्गलाई जोडिएको छ । कथाकार विश्वेश्वरप्रसाद कोइरालाले कथामा कतै पनि आफ्नो अस्तित्व उल्लेख नगरेका प्रति उनको कटाक्ष छ । कृष्ण रायको 'आँखामा राखे पनि नबिझाउने' सज्जनपनलाई उसले पूरै उल्ट्याइदिएकी छ (भूमिका, पृ. ७) । यसरी यस कथाले सत्यतथ्यलाई हेर्ने परम्परागत निरपेक्ष मूल्यलाई भत्काएर सापेक्षित मूल्यलाई स्थान दिएको छ । कथाका निम्न पङ्तिले यही कुरालाई पुष्टि गर्दछन् ः

> 'सधैँ ठुला भनेरै चुप बस्ने ? सधैँ बलिया भनेरै दबिरहने ? अब हाम्रा कुरा सुन्नुपर्छ तिमीहरूले, अब हाम्रा पीडा बुझ्नुपर्छ तिमीहरूले, अब हाम्रा कुरा लेख्नुपर्छ तिमीहरूले, पृथ्वी, तिमी नयाँ पुस्ताका लेखकलाई साक्षी राखेर बोलेकी छु मैले अब हाम्रा कथा लेख्नुपर्छ तिमीहरूले ।' नारीको आवाज थियो यो । (बस्ताकोटी, २०७६, पृ. ४५)

'समाचार' पनि विनिर्मित कथा नै हो । यस कथामा खास गरी नारीहरू लोग्नेकै नामबाट चिनिनु पर्दाको आक्रोशलाई प्रस्तुत गरिएको छ। 'होड' कथाकी विधवालाई मृत लोग्नेको नामबाट (हरिकृष्णकी विधवा) चिनाइएको घटनाप्रति आक्रोश प्रकट गर्दै विधवाले आफ्नो पहिचान मेटाएको निहुमा साहित्यकार कोइरालालाई पिटेको समाचार बाहिर आएको छ । साहित्यकार पिटिएको घटनालाई लिएर समाजका विभिन्न व्यक्तित्वले आआफ्ना धारणा राखेका छन् । कथाकारले यस कथाका माध्यमबाट काल्पनिक र यथार्थ पात्रको संयोजन गरी नारी मुद्दालाई चर्कोरूपमा उठाएका छन् (भूमिका, पृ. ७) । यसरी हेर्दा 'समाचार' कथाले 'विधवा' को भूमिकालाई विद्रोही बनाएको छ।

यसरी *कार्निभल* कथासङ्ग्रहका न्याय पाऊँ सरकार १ र २, के पटाक्षेप हुन्छ र कथाको ? र समाचार शीर्षकका कथाहरू विनिर्माण गरी लेखिएका छन् । साहित्यलाई विनिर्माण गर्नु केवल शैली मात्र नभएर स्वर पनि हो किनकि विनिर्मित उक्त कथाहरूले परम्परागत मूल्यमान्यता र आदर्शलाई पूरै भत्काएका छन् । निरपेक्ष र एकल सत्यलाई भत्काएर सापेक्षित सत्यलाई स्थापित गरेका छन् । एउटा परिवेश र सन्दर्भमा सत्य र आदर्श मानिएको कुरा त्योभन्दा भिन्न परिवेश र सन्दर्भमा सत्य नरहन सक्छ। कथाका घटना, प्रसङ्ग, सन्दर्भ र पात्रहरूले यही तथ्यलाई पुष्टि गरेका हुनाले 'विनिर्माण' कथाको मूल स्वर बन्न पुगेको छ।

**यौन मनोविज्ञान**

यौन मनोविज्ञान पनि *कार्निभल* कथासङ्ग्रहको मूल स्वर बनेर आएको छ । विश्वप्रसिद्ध मनोवैज्ञानिक सिग्मन्ड फ्रायडले यौनलाई नै मानव जीवनको मूल स्रोत मानेका छन् । उनले 'कामवृत्ति' लाई नै जीवनको चालक मान्दै व्यक्ति लिङ्गद्वारा नियन्त्रित हुन्छ र त्यसको विकास नै उसको क्षमताको द्योतक हुन्छ (गौतम, २०५९, पृ. ७३) भनी बताएका छन् । *कार्निभल* कथा सङ्ग्रहका 'घ्याईं', 'समाचार', *कार्निभल,* 'आँखा' शीर्षकका कथाहरूमा यौन मनोविज्ञानलाई प्रस्तुत गरिएको छ।

'घ्याईं' यौन मनोविज्ञानमा आधारित कथा हो । २३ वर्ष नाघेकी अविवाहित सावित्रीको यौन मनोविज्ञानलाई बडो रोचक ढङ्गले कथामा प्रस्तुत गरिएको छ। घर नजिकैको गरामा किला ठोकेर भैँसी बाँधिएको र भैँसीलाई बाली लाउन राँगो फोइएको घटनालाई रोचक ढङ्गले घरको झ्यालबाट सावित्रीले नियाली रहेकी छ। भैँसीमाथि राँगो उक्लेको देखेपछि अतृप्त कामवासनाका कारण सावित्री बेहोस् भई ढल्न पुगेकी छ। कथाका निम्न पङ्तिले सावित्रीभित्र दबिएर रहेको यौन मनोविज्ञानलाई पुष्टि गर्दछन् :

> माइला दाइकहाँ ग'र आँगन अगाडिको गराँ किलो ठोकी भैँसीलाई बाँधेर राँगो फोइयो । हामी भुसाहा तान्दै बात मार्न थालेका थियौँ । भित्र आइमाईहरू रुँदै चिच्याएको आवाज आयो। के भो भनी हेर्न गा'को त उनकी माइली छोरी सावित्री बेहोस् भ'की रैच । जेठीको केही महिना अघि २५ वर्षमा बल्लबल्ल बिहे गरेका थिए। त्यो सावित्री पनि २३ नाघेकी थिई। . . . 'अलि अघिदेखि सन्चो नभाजस्तो गरेकी थिई। झ्यालबाट बाहिर हेर्दै तीनचार चोटि उठ्नेबस्ने गरेकी थिई। के भो ? भन्दा सन्चो नहोलाजस्तो भो भन्थी। हेर्दाहेर्दै अघि त डङ्ग्रङ्ङ लडी। पसिनैपसिना भाकी छ (पृ. २७-२८) ।

यस सन्दर्भले सावित्रीको यौन कुण्ठा र त्यसले उसमा पारेको अस्वभाविक मनोदशालाई देखाएको छ।

'समाचार' कथामा पनि यौन मनोविज्ञानलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । 'समाचार' विश्वेश्वरप्रसाद कोइरालाको 'होड' कथालाई विनिर्माण गरी लेखिएको कथा हो । 'होड' कथाकी पात्र विधवाभित्र सुषुप्त अवस्थामा रहेको यौनतृप्तिको चाहनालाई कवि दिनेश अधिकारीको कविताका माध्यमबाट यसरी अभिव्यक्त गराइएको छ ः

> 'तर जब पद्म मेरो घरमा आए
> सुकेर कक्रक्क परेको बिरुवाले पानी पाएझैँ
> कताकता कुन्नी के के रसाएर आए
> बासी भोगटेझैँ चाम्रिएका मेरा छाती
> दुहुन ढिला भएको लैनो गाईका थुनझैँ टन्किएर आए
> जीवन फेरि हरियो-हरियो, रातो-रातो, तातो-तातो लाग्दै थियो
> अचानक फेरि पद्म हराए
> पद्मसँगै फेरि मेरो मुहान कक्रक्कै सुकेर
> चहऱ्याउने घाउझैँ बन्यो' (पृ. ६८) ।

उपर्युक्त सन्दर्भमा विधवाको यौन उत्कण्ठालाई राम्ररी चित्रण गरिएको छ ।

*कार्निभल* नारी र पुरुष दुवैका कोणबाट यौन उत्सवलाई प्रस्तुत गरेर तयार पारिएको कथा हो । पुस्तक समीक्षाका क्रममा पौडेल (२०७६) ले *कार्निभल*लाई रोमन क्याथोलिकको सर्कसजस्तो चाडका रूपमा चिनाएका छन् । कथाका प्रायः पात्रहरू खास गरी जँड्याहा, लामा (धर्मगुरु), अधिकारकर्मी, पर्यटनकर्मी, संस्कृतिकर्मी सबै यौनबाट परिचालित देखिन्छन् । गौतम (२७ मार्च, २०२०) ले *कार्निभल* लाई नेपाली समाजको ढोँग र यौन अनैतिकताको चित्रण हो भनी उल्लेख गरेका छन् । डाक्टरको उपचार गर्न नमानी यौनशोषण गर्ने लामासँग उपचार गराउन जाँदा खुसी भएकी शैलेन्द्रकी श्रीमती, गोरी मेमले सेता साँप्रा देखाएर गोपाललाई आकर्षित गरेको घटना, डिल्लीराम खनाल रत्यौलीमा लुठो बनेर आइमाईहरूसँग जिस्किन खोजेको प्रसङ्गले यौन मनोविज्ञानलाई पुष्टि गरेका छन् । शर्मिष्ठासँगै बरालिने निर्जलाको लोग्ने र केटीहरूसँग बरालिएर हिँड्ने शर्मिष्ठाको लोग्नेका क्रियाकलापहरूले कथाको यौनिक सन्दर्भलाई सङ्केत गरेका छन् (भूमिका, पृ. १२) । *कार्निभल* को रामेले जाँड खाएर यौन अश्लीलताका कुरा चर्को स्वरमा फलाक्दै हिँडेको सन्दर्भले पनि यौन मनोविज्ञानलाई पुष्टि गर्दछ । गोरी मेमले सेता साँप्रा देखाएर गोपाललाई आकर्षित गरेको सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ ः

> गोरी मेमका सेता साँप्रामा लट्ठिएर गोपालले पहिलोपटक स्वास्नीलाई ढाँटेको थियो; वचनले हैन व्यवहारले । विवाह गरिसकेपछि परस्त्रीगमन गर्नुलाई उसले अपराधझैँ ठानेको थियो तर नग्न गोरी मेमले सिनित्त परेका साँप्रामा मसिना औँलाले स्पर्श गर्दै गोपाललाई भावुक नजरले के हेरेकी थिई, भागिरहेका कुखुराका चल्ला झ्याप्प डोकाले छोपेझैँ उसले मेमलाई झम्टिहाल्यो । स्वास्नीको याद पनि आएको थियो । (पृ. ८९)

उपर्युक्त अनुच्छेदमा गोपालको यौन मानसिकताको चित्रण कलात्मक तरिकाले गरिएको छ ।

'आँखा' फुलमाया (३२/३३ वर्ष) र लोग्ने (६० वर्ष) अनमेल विवाहबाट उत्पन्न परिणतिलाई प्रस्तुत गरिएको कथा हो । गौतम (२७ मार्च, २०२०) का अनुसार 'आँखा' कथा एक कथित माथिल्लो जातकी महिलाको यौन कुण्ठा र ढोंगी चरित्रको कथा हो ।" यस कथामा फुलमाया (विस्टनी) ले चेउटे दमै (जोत्ने)लाई बलात्कार गरेकी छ । फुलमायाले आफ्नो यौनेच्छा पूरा गर्न वनमा गएको बेला चेउटे दमैलाई समातेर पल्टाई यौन समागम गरेको घटनालाई प्रस्तुत गरिएको छ । यसर्थ यो कथा पनि यौन मनोविज्ञानमा आधारित देखिन्छ । खास गरी फ्रायडको यौन मनोविज्ञानबाट प्रभावित भएर यो कथा लेखिएको छ ।

यसरी *कार्निभल* कथा सङ्ग्रहका ग्याई, समाचार, कार्निभल र आँखा कथाले मूलतः यौन मनोविज्ञानलाई मुखरित गरेका छन् । कथाका पात्र, घटना, सन्दर्भ र प्रसङ्गले यौनसम्बन्धी विषयवस्तुलाई मुख्य आधार बनाएका छन् । फ्रायडले भनेजस्तै प्रत्येक मान्छे 'कामवृत्ति' बाट परिचालित छ । मान्छेका प्रत्येक क्रियाकलापमा कुनै न कुनै रूपमा कामवासनाका भावहरू झल्किएका हुन्छन् । यी कथामा पनि कामवासनाका ती भावहरू प्रस्तुत भएका छन् ।

**सामाजिक विकृति र विसङ्गतिप्रति असन्तुष्टि**

भनिन्छ साहित्यले समाजको वास्तविकतालाई प्रस्तुत गर्दै समाजलाई सही बाटो पनि देखाउनुपर्दछ । *कार्निभल* कथासङ्ग्रहका बिदाइ, मौनकोट, टुसा व्यापारी, बोके जुलुस, ठुलाबा, आँखालगायतका कथाहरूले कुनै न कुनै रूपमा सामाजिक यथार्थको प्रस्तुति गरेका छन् । पुस्तक समीक्षाका क्रममा पौडेल (२०७६) ले "उत्तरआधुनिक लेखन शैलीभित्र पनि नवीनता घोलेर प्रस्तुत गरिएको यो सङ्ग्रहको मूल विषयपरक स्वर भनेको सामाजिक यथार्थ नै हो" भनी उल्लेख गरेका छन् । नेपाली समाजमै भए गरेका, देखिएका तर नलेखिएका कतिपय घटना, सन्दर्भ र प्रसङ्गलाई टपक्क टिपेर रोचक शैलीका साथ कथामा उनेर प्रस्तुत गरिएको छ ।

'बिदाइ' कथाले वर्तमान समयमा हरिनारायण जस्ता कैयौँ नेपालीहरू वैदेशिक रोजगारीका सिलसिलामा विदेश पलायन भएका र त्यसले नेपाली समाजमा पारेको प्रभावलाई अभिव्यक्त गरेको छ । हरिनारायणलाई आफन्त र छिमेकीले अमेरिकाका लागि बिदाइ गरेको प्रसङ्गलाई उल्लेख गर्दै नयाँ पुस्तामा बढ्दै गएको 'विदेश मोह' प्रति कथाकार 'म' पात्रका रूपमा उपस्थित भएर मौन असन्तुष्टि जाहेर गरेका छन् । कथाकारले यस कथाका माध्यमबाट विदेश जानुलाई भयमिश्रित पोखरीमा हाम फाल्न जानुसँग तुलना गर्दै राष्ट्रियताको सन्दर्भलाई जोड्न पुगेका छन् । बरु विज्ञानप्रविधि एवम् सूचना र सञ्चारका क्षेत्रमा भएको तीव्र विकासले विश्वलाई नै एउटा गाउँ बनाएको बेला राष्ट्रियताको सन्दर्भ उठाउनु कति जायज हो भन्ने प्रश्न उठाउन सकिन्छ । 'बिदाइ' मा अमेरिकी डिभीप्रति नेपाली समाजको अन्धमोह प्रस्तुत छ (भूमिका, पृ. ९) । यसरी 'बिदाइ' कथाका माध्यमबाट कथाकारले नेपाली समाजको वास्तविकलाई प्रस्तुत गर्दै आफूमा भएको देशप्रतिको मायालाई प्रकट गरेका छन् । युवा पुस्तामा बढ्दै गएको विदेश मोहप्रति कथाकारले रोष प्रकट गरेका छन् ।

'मौनकोट' ले नेपालको द्वन्द्वकालीन परिवेशलाई सजीवरूपमा चित्रण गरेको छ । मौनकोट मूलतः सरकार र माओवादी द्वन्द्वकालीन त्रासदीबाट आहत ग्रामीण जनसामान्यको पीडा उजागर गर्न केन्द्रित छ (भूमिका, पृ. १२) । कर्णालीको यात्रामा निस्केको 'म' पात्र त्यहाँ नपुगी मौनकोट, वाल्मीकि आश्रम र वरपरका गाउँ पुगेर फर्किएको

सन्दर्भ उल्लेख गर्दै मौनकोटका मानिसहरू युद्धको प्रभावका कारण 'मौन' बसेको स्वैरकल्पना प्रस्तुत गरिएको छ। पौडेल (२०७६) का अनुसार 'मौनकोट' दश बर्से जनयुद्धको परिणामलाई चित्रण गरिएको कथा हो।' कथाकारले 'मौनकोट' का माध्यमबाट मान्छेले चाहेमा 'वादविहीन' भएर बाँच्न पाउनुपर्ने तर्क गरेका छन्। यसरी कथाले द्वन्द्वकालीन नेपाली समाजको यथार्थ चित्रण गरेको छ।

'टुसा व्यापारी' कथामा नेपाली समाजमा व्याप्त गरिबी र अभावबाट उत्पन्न पीडाको सजीव प्रस्तुति छ। टुसा व्यापारीकी श्रीमती जिन्सको पाइन्ट लगाउने धोका पूरा गर्न पुलिससँग पोइला जानु परेको, व्यापारीको टुसा लिन वन जाँदा पोथी भालुले चिथोरेर मृत्यु भएको, छोराछोरी जोखिमयुक्त चटके देखाएर हातमुख जोड्न बाध्य भएका घटनालाई कथामा राम्ररी बुनिएको छ। साथै कथामा नारीलाई सस्तोमा बिक्ने वस्तुका रूपमा उल्लेख गरिएको छ। यसरी हेर्दा कथाले आयआर्जन सामान्य भएको मानिसले परिवार तथा छोराछोरीका इच्छा पूरा गर्न नसक्दा पारिवारिक विखण्डन हुन सक्ने सामाजिक यथार्थको प्रस्तुति गरेको छ। गरिबी र अभावमा बाँच्नु पर्दाको पीडालाई कथाले यसरी बोलेको छ :

> के गर्नु थियो र सर, साह्रै दुःख छ। जङ्गल-जङ्गल चहारेर टुसा भाँचेर ल्याउँछु। बजारमा मोल पनि राम्रै पर्दो रहेछ तर हामीलाई त 'दुई नम्बरी काम गर्छौ अझ आफैँ मूल्य राख्छौ, अहिले जाकिदिउँला नि खोरमा' भनेर तर्साउँछन् अनि उनीहरूले जति दिन्छन् त्यति लिएर जानुपर्छ। के गर्नु हजुर, त्यही पनि सधैँभरि काम गर्न पाए त केही हुँदो हो। एक सिजनकाले वर्षभरि पुऱ्याउनु पर्दा साह्रै गाह्रो हुन्छ। त्यसैले त एउटा जिन्सको पाइन्ट किनेर दिन सकिनँ। त्यति दिन सकेको भए सायद बस्थी कि! साह्रै माया लाग्छ सर त्यसको मलाई। तर त्यो पुलिसले पछि त्यसलाई छाडिदिन्छ क्यारे। त्यसले दुःख पाउने भई (पृ. ६२-६३)।

उपर्युक्त अनुच्छेदले समाजमा देखिने विविध विकृत यथार्थको चित्रण गरेको छ।

'बोके जुलुस' कथाले पनि सामाजिक यथार्थको प्रस्तुति गरेको छ। खास गरी आफ्नो अधिकारका लागि प्लेकार्डसहित नारा लगाउन सिंहदरबार अगाडि जम्मा भएका बोकाको जुलुसलाई एक जना नेताले कानेखुसी गर्दै तितरबितर बनाइदिएका छन्। यस घटनाले 'फुटाउ र राज गर' भन्ने नेपालको राजनीतिक यथार्थलाई पुष्टि गरेको छ। बोकारूपी जनताको संगठन र एकत्वलाई नेताले फुटाइदिएको सन्दर्भलाई उल्लेख गर्दै अधिकारका लागि शासनसत्तामा बसेका टाउकेहरूसँग बार्गेनिङ गर्ने आन्दोलनका नाइकेलाई सत्ताका मालिकले लोभलालचमा फसाएर आन्दोलन तुहाउने गरेको यथार्थसँग जोडिएको छ। गौतम (२७ मार्च, २०२०) का अनुसार "बोके जुलुस नेपाली जनताको नियति हो।" नेपालमा नागरिकका तर्फबाट उठाइएका प्रायः आन्दोलनहरू बोके जुलुसकै नियति भोग्न विवश भएको यथार्थ कथामा प्रस्तुत भएको छ।

'ठुलाबा' मैनाली शैलीमा लेखिएको गाउँको कथा हो। यसले नेपाली ग्रामीण समाजको वास्तविकतालाई उद्घाटन गरेको छ। कथाका अनुसार ठुलाबालाई भेट्न बाउछोरा गाउँ गएका छन्। ठुलाबाले आफ्ना र गाउँका कथाव्यथालाई मार्मिक ढङ्गले सुनाएका छन्। साँच्चै कथाले गाउँ कुरेर काल पर्खिरहेका बाआमाका जीवन्त कथालाई सजीवरूपमा चित्रण गरेको छ। हुन त *कार्निभल* मा सामाजिक यथार्थको प्रस्तुति भएका अन्य कथाहरू

नभएका होइनन् तापनि 'ठुलाबा' ले जस्तो पाठकको हृदय हल्लाउने कथा सायदै भेटिएलान् । 'ठुलाबा' कथाका केही अंशहरू पढिरहँदा सायद धेरै पाठकका आँखा रसाउँछन्, मन भारी भएर आउँछ, गला अवरुद्ध हुन्छ, भक्कानो फुटेर आउँछ, पिँढी कुरेर बसेका बुढा बाआमाका तस्बिर आँखा अगाडि नाच्न थाल्छन्, भावी जीवनको कल्पना गरिन्छ, समयले लगाएका घाउका चोटहरू बल्झिन थाल्छन्, शून्यताको भाव पैदा हुन्छ, एक किसिमले भन्दा जिन्दगीदेखि नै वैराग्यता प्राप्त हुन्छ, समाधिको बाटो रोजौँ रोजौँ लाग्छ । 'ठुलाबा' कथामा वर्णित निम्न घटनाप्रसङ्गले मान्छेलाई भावुक बनाउने क्षमता राख्दछन् ः

> गाममा बाटो त आयो तर बाटाँ खेल्ने भुरा छैनन्, दौडने ठिटा छैनन्, बत्ती त आयो तर बाहिर मात्र उज्यालो, मन उज्यालो पार्ने सन्तान काँ हो काँ सात समुन्द्र पारि छन्, छाप्रा भका ठाममा ठुल्ठुला बिल्डिङ बने तर पढ्ने केटाकेटी नै छैनन् । हेल्थपोस्ट त बन्यो तर बुढाबुढीलाई त्याँसम्म लैदिने मुन्छे छैनन् । पानी पनि दैलामै आयो तर त्यसले पनि आँत भिजाएन कान्छा । तिमरु गाममा छँदा खोजेको सप्पै आयो तर तिमरु किन आउँदैनौ ? किन कोई आम्दैन याँ ! एक्लै भइयो कान्छा ! एक्लै . . . (पृ. ८१) ।

यस कथाले जेष्ठ नागरिकका पीडाव्यथालाई बोलेको छ । पौडेल (२०७६) का अनुसार "शिशिरमा एक एक गरी पातले रुख छाडेझैँ गाउँलेले गाउँ छाड्दै गएपछि गाउँबाट हराएको गाउँ (गाउँले मौलिक जीवनशैली) का व्यथालाई कथाले उधिनेको छ । हिजो गाउँमा बत्ती, बाटो, पानी केही सहज थिएन, आज ती सबै सहज छन् तर तिनको उपभोग गर्ने मान्छे छैनन् । थोरै समय छोरानाति गाउँ जाँदा अनुहारमा बिहानीको लाली पोतिने बुढाबुढीका अँध्यारा अनुहारले धानेको गाउँको व्यथा यस कथाले बोकेको छ" (पृ. ७८-७९) । कथाले मार्मिक यथार्थलाई प्रस्तुत गरेको कुरा पौडेलका अभिव्यक्तिले पनि पुष्टि गरेका छन् ।

'आँखा' कथाले नेपाली ग्रामीण समाजमा कोही कसैले केही गल्ती गरेमा त्यो गल्तीको विषयलाई लिएर मुखिया बसाउने र गीता छुवाउने पुरानो प्रचलनलाई प्रस्तुत गरेको छ । फुलमाया र चेउटेको रासलीला आँखाले प्रत्यक्षरूपमा देखेको मानबहादुरलाई गलत साबित गर्नका लागि मुखियाले फुलमायालाई गीता छुन लगाई कसम खुवाएको छ । नैतिकता हराउँदै गएको वर्तमान समाजमा आँखाले देखेका कुरा पनि झुटो साबित भएका छन् । प्रमाण खोज्ने कानुनका नजरमा व्यक्तिको आँखाभन्दा मेसिन (क्यामेरा) बढी मूल्यवान् हुने कटुसत्य कथाले बोलेको छ (पौडेल, २०७६, पृ. ७९) । यति हुँदाहुँदै पनि चेउटेका आँखाले मानेका आँखासँग क्षमा मागिरहेका छन् । मानेले आफूले देखेका दृश्य र भएका संवादलाई सभामा सुनाएको छ ।

यसरी *कार्निभल* कथा सङ्ग्रहका बिदाइ, मौनकोट, टुसा व्यापारी, बोके जुलुस, ठुलाबा, आँखा शीर्षकका कथाहरूले नेपाली समाजमा देखिएका सामाजिक विकृति र विसङ्गतिलाई यथार्थरूपमा प्रस्तुत गरेका छन् । यी कथाका माध्यमबाट कथाकारले यथार्थको प्रस्तुति मात्र नगरेर सामाजिक विकृति र विसङ्गतिप्रति असन्तुष्टिको भावसमेत व्यक्त गरेका छन् । नेपाली समाजमा विद्यमान यस्ता विकृति र विसङ्गतिको अन्त्य भएर न्यायपूर्ण समाजको निर्माण हुनुपर्ने कुरामा कथाकारको जोड रहेको छ । यसर्थ सामाजिक विकृति र विसङ्गतिप्रतिको असन्तुष्टि कथा सङ्ग्रहको मूल स्वर बन्न पुगेको छ ।

**पर्यावरणीय चेत र पशु अधिकार**

मान्छेले मान्छेका कुरा धेरै गऱ्यो, धेरै लेख्यो, इतिहास बनायो, पुस्तान्तरण गऱ्यो तर मान्छेले प्रकृति, वातावरण र पशुपंक्षीका बारेमा धेरै बोलेन र लेखेन पनि । यही अभिमतको जगमा टेकेर पर्यावरणीय समालोचनाको विकास भएको हो । सन् १९६० को दशकपछि आधुनिकताले स्थापना गरेको एकल केन्द्रलाई भत्काएर बहुकेन्द्रको स्थापना गर्दै उत्तरआधुनिकताको विकास भयो; त्यसपछि पर्यावरणीय समालोचनाको पनि विकास भएको हो । यसले वातावरणअन्तर्गत प्रकृतिचित्रण आदिलाई सौन्दर्य, आनन्द वा विलासिताको माध्यम मान्दैन, बरु वातावरणअन्तर्गत जीवजन्तु, मानव, वनस्पति र प्रकृतिको सहअस्तित्वको खोजी गर्दछ । "विज्ञानको सहारा लिएर पृथ्वीलाई नष्ट गर्ने कार्यमा मानिस लागेको धेरै भयो । त्यसका विरुद्धको लेखन परिवृत्तीय वा पर्यावरणीय/वातावरणीय लेखन हो । यो पृथ्वीग्रह बचाऊ भन्ने चेतना हो" (गौतम, २०७०, पृ. ४१) । यही पर्यावरणीय चेतका साथ पशु अधिकारका विषयलाई लिएर लेखिएका कथा हुन् - 'ग्याई' र 'बोके जुलुस' । यी दुवै कथामा विज्ञान र प्रविधिको सहारा लिएर मानिसले पशुको प्राकृतिकपनको हत्या गरेको सन्दर्भलाई उठाइएको छ । मानिसले आफ्नो स्वार्थसिद्धिका लागि सहअस्तित्व र सहभावलाई लत्याएको कुरा कथामा मार्मिक ढङ्गले प्रस्तुत भएको छ ।

'ग्याई' कथामा कथाकारको पशुप्रेम प्रकट भएको छ । पशुहरूमा गरिने कृत्रिम गर्भाधारणमा आधारित भएर कथा बुनिएको छ । उपभोक्तावादी संस्कृति मौलाउँदै गएको वर्तमान समाजमा मानिसले प्रविधिका माध्यमबाट प्राकृतिक र नैसर्गिकरूपमा यौनक्रीडा गर्न पाउने पशुहरूको अधिकार खोस्न पुगेको छ । मानिसले बाह्रैकाल यौनक्रीडामा लिप्त भई आनन्द लिने तर पशुको मौसमी यौनसुख तुहाउने गरी आएको विज्ञानको आविष्कारप्रति भैँसीले रोष प्रकट गरेको छ (पौडेल, २०७६, पृ. ७७) । यस कथाका माध्यमबाट कथाकारले प्रविधिको उपयोगले पशुको नैसर्गिक यौनअधिकार खोसिएकामा कटाक्ष गरेका छन् एकातिर भने अर्कातिर स्वयम् भैँसीले आँसुको भाषामा यौनसुखका लागि राँगोसँग यौनक्रीडा गर्न नपाएको र कृत्रिमरूपमा वीर्यधारण गर्नुपर्दाको पीडालाई व्यक्त गरेको छ । भैँसीले आँसुको भाषामा अभिव्यक्त गरेको भावलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> तिमी अघि भर्खरै त्यो मधुर लोकको गुलाबी रसले स्नान गरेकी नारी । मेरो पनि त्यस्तै इच्छा थियो । बरु तिमीले त त्यस्तो स्नान भरे गर्न पनि सम्भव छ भोलि पनि सम्भव छ । मेरो त हेर न, त्यस्तो पनि हुँदैन । वर्षमा एकचोटि मात्र सन्तानको इच्छाले त्यस्तो चाहना जागृत हुन्छ । त्यही पनि यसरी सुइले घोचेर मार्ने प्रयत्न गरियो । मेरो सन्तानको चाहना त यसले केही समयपछि पुरा गर्ने प्रक्रियामा लैजाला तर त्यतिन्जेलसम्मको मेरो छटपटीलाई कसले बोध गर्छ ? तिमी त बोल्न सक्ने नारी, म बोल्न नसक्ने पशु । तिमी नारीले नै हामी जस्ता अर्काको अधीनमा परेका र आफ्नो इच्छा बोलेर राख्न नसक्ने प्राणीको उद्धार गर्न सक्छौ । तिमीहरू नै प्रकृतिका हरेक संवेदनाहरूको बोध गर्न सक्छौ . . . (पृ. २९-३०) ।

'ग्याई' कथामा मानिसले आफ्नो स्वार्थका लागि पशुजगतमाथि गरेको अत्याचारको विषयलाई संवेदनशील ढङ्गले उठाइएको छ । गौतम (२७ मार्च, २०२०) का अनुसार "लेखकको संवेदनशीलता र पशुप्रेम प्रशंसनीय छ ।" पशुमा मात्र नभएर मानिसमा समेत कृत्रिम गर्भाधानका माध्यमबाट सन्तान उत्पादन गर्ने परम्पराको थालनी हुनुले मानव अस्तित्व नै खतरामा पर्ने सम्भावनातर्फ कथाकारले गहिरो चासो र चिन्ता व्यक्त गरेका छन् ।

'बोके जुलुस' कथाले 'भाषाकै कारण मानिसले सदियौँदेखि समग्र प्राणीमाथि शासन गरेको सन्दर्भलाई उठान गरेको छ। मान्छेकै सिको गरेर बोकाहरूले पनि भाषाको प्रयोग गरेर आफ्नो अधिकारका लागि सिंहदरबार अगाडि जम्मा भएर नारा लगाएका छन्। स्वैरकल्पनाका माध्यमबाट कथामा भाषामाथिको मानिसको एकाधिकारलाई तोड्नुपर्ने सङ्केत गरिएको छ। 'बोके जुलुस' का माध्यमबाट मानिसले सदियौँदेखि अन्य पशुहरूमाथि अन्याय र अत्याचार गर्दै आएको विषयलाई प्रस्तुत गरिएको छ। मानिसले 'भाषा' लाई मुख्य हतियार बनाएर अन्य पशुपंक्षीमाथि प्रहार गर्दै आइरहेको छ। यस्ता स्वार्थी मानिसहरूको चङ्गुलबाट बच्न र आफ्नो अस्तित्व रक्षा गर्नका लागि पशुहरू संगठित हुनुपर्नेतर्फ कथाकारले सङ्केत गरेका छन्।

> त्यै त ! जे छ सब भाषामा छ। कसैलाई बौलाहा बनाउनुहोस् वा सद्धे, साधारण बनाउनुहोस् वा महान्, चोर बनाउनुहोस् वा साधु, शासक बनाउनुहोस् वा शासित, शक्तिशाली बनाउनुहोस् वा शक्तिहीन जे छ भाषामा छ। अब त हामी पनि व्याख्या गर्छौं त्यसको, हामी पनि चलाउँछौँ नयाँ विमर्श, तपाईंले/तपाईंको प्रजातिले यो वा त्यो भनेर बोल्दैमा हामी मान्नेवाला छैनौँ (पृ. ७२)।

यसरी 'घ्याई' र 'बोके जुलुस' दुवै कथाले पर्यावरणीय चेतका साथ पशु अधिकारको मुद्दालाई वकालत गरेका छन्। यो पृथ्वी मानवीय र मानवेतर सबै प्राणीको साझा घर हो। यहाँ सबैले बाँच्न, फक्रन अनि फुल्न पाउनुपर्छ। सबै सहअस्तित्व र सहभावका साथ बाँच्न पाउनुपर्छ। एकले अर्काको अस्तित्वलाई स्वीकार गरेर अगाडि बढेमा मात्र सबैको कल्याण हुन्छ। मान्छेले बुद्धि र विवेक भएका नाममा अन्य प्राणीको अस्तित्व सिध्याउने खेलमा लाग्नुहुँदैन भन्ने भावलाई यी दुवै कथाले मुखरित गरेका छन्।

**नारीवादी स्वर**

नारीलाई केन्द्रमा राखेर नारीकै पक्षमा चलाएका विमर्शलाई नारीवादले समेटेको हुन्छ। नारीवादले नारीलाई लैङ्गिक दृष्टिले कमजोर ठान्ने पुरुषकेन्द्रित सामाजिक सांस्कृतिक व्याख्याको विरोध गर्दै नारीको भाषा, शैली, अनुभव आदि आफ्नै हुने र ऊ पूर्णरूपमा स्वतन्त्र एवम् सक्षम हुने मान्यताबाट कृतिको समालोचना गर्दछ। यसले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३७१)। नारीवादले पितृसत्ताको विरोध गरे पनि यसको मूल ध्येय पुरुष बराबर नारीको उपस्थिति हुनुपर्छ भन्ने नै हो। *कार्निभल* कथासङ्ग्रहका 'के पटाक्षेप हुन्छ र कथाको ?' र 'समाचार' कथामा मूलतः नारीवादी स्वरलाई उरालिएको छ।

विश्वेश्वरप्रसाद कोइरालाका तीन कथा (दोषी चस्मा, मधेसतिर र शत्रु) लाई विनिर्माण गरी तयार पारिएको 'के पटाक्षेप हुन्छ र कथाको ?' शीर्षकको कथामा नारी अस्तित्वको खोजी गरिएको छ। खासगरी 'शत्रु' कथाको कृष्ण रायकी जेठी श्रीमती जसले लोग्नेको दिनरातको टोकसो सहन नसकेर माइत गएर बसेकी थिई उही एकाएक कथामा देखापरेकी छ। उसले कथाकार कोइरालाप्रति आफ्नो अस्तित्व ओझेलमा पारिदिएको र कहींकतै चर्चामा नल्याएको भन्दै गुनासो गरेकी छ। आफ्नो लोग्ने कृष्ण रायले आफूलाई पूरै बेवास्ता गरी विधवालाई भित्र्याएकामा

चर्को आक्रोश प्रकट गर्दै आफूले नै लोग्नेको शिरमा रक्ताम्य हुने गरी लठ्ठी प्रहार गरेको भनी पुलिससमक्ष बयानै दिएकी छ। कथामा प्रस्तुत भएको यस घटनालाई आधार मान्दा नारीमाथि हुने शोषण, दमन र उत्पीडनको खुलेर विरोध गरिएको पाइन्छ भने पुरुषले गर्ने बहुविवाहप्रतिको असन्तुष्टि भाव पनि अभिव्यक्त भएको छ।

> के गर्नु त घरमा त टिक्न खान दिएका भए पो ! खालि सन्तान जन्माउन सकिनस् भन्दै टोकिरहन्थे, मैले सहेकै थिएँ। त्यो लट्ठी प्रहारपछि त दिनदिनै तैँले नै पो मलाई मार्न हानेकी त होइनस् भन्दै झगडा गर्न थाले। नानाभाँती नचाहिँदा आशङ्काहरू गर्दै कटु गाली गर्न थाले। कति सहनु ! त्यसैले केही महिना बस्ने निधो गरी माइत हिँडेकी थिएँ, यहाँ त यस्तो चर्तिकला गरेका रहेछन् (पृ. ४४)।

कृष्ण रायकी जेठी श्रीमतीले लोग्नेप्रतिको गुनासोलाई यसरी अभिव्यक्त गरेकी छन्। कथाले नारीलाई पुरुषको भोगविलासको साधन, सन्तान उत्पादन गर्ने मेसिन र चुलोचम्कोमै सीमित हुने गृहिणीका रूपमा मात्र हेर्ने पुरातनवादी सोचको विरोध गरेको छ। ती विरोधका स्वरहरू कथामा भिन्नभिन्न कोणबाट अभिव्यक्त भएका छन्।

'समाचार' पनि नारीवादी स्वर मुखरित भएको कथा हो। विधवा लोग्नेकै नामबाट चिनिनुपर्ने वास्तविकताको चित्रण कथाले गरेको छ। नारीको अस्तित्वलाई लेखकले नसकारेको भन्दै विश्वेश्वरको गालामा सोही विधवाले एक्कासि दरो चड्कन लगाएर नारीवादी आक्रोश पोखेकी छ (भूमिका, पृ. ७)। साहित्यकार पिटिएको घटनालाई लिएर खगेन्द्र सङ्ग्रौला, आहुति, दिनेश अधिकारी, डा. गोविन्दराज भट्टराई, कृष्ण गौतम, सञ्जीव उप्रेतीलगायतका पात्रहरू उपस्थित भएर भिन्नभिन्न खालका प्रतिक्रियाहरू दिएका छन्। भट्टराई र गौतमले विधवाप्रति नै सहानुभूति देखाएका छन् भने उप्रेतीले पिटाइ खाँदा पनि विश्वेश्वरलाई मुसुमुसु हाँसेको देखेका छन्। यसरी हेर्दा कथाले यथार्थ र काल्पनिक पात्रको संयोजन गरी नारी पहिचान र अस्तित्वको मुद्दालाई चर्कोरूपमै उठाएको देखिन्छ। कथाको निम्न प्रसङ्गले यही तथ्यलाई पुष्टि गर्दछ :

> आफ्नो नाम नै उल्लेख नगरेर हरिकृष्णकी विधवा भनेकाले आफ्नो पहिचान गुमेको तथा आफूलाई पुरातनवादी सोचका कारणले खेलौना बनाएर छाडेको भन्दै महिलाले मजाले कुटेको मैले देखेँ। उनले अगाडि थपे : . . . र वास्तवमा त्यो हो नि त। कसैको होडमा कसैलाई खेलौना बनाउने त्यो तरिकालाई त सामन्तवादी पुँजीवादी मानसिकताकै हिस्साका रूपमा हामीले हेर्नुपर्‍यो नि त ! (पृ. ६७-६८)।

आहुतिको अभिव्यक्तिका रूपमा आएका उपर्युक्त अभिव्यक्तिले नारीवादी स्वरलाई दह्रो गरी उठाएका छन्।

अतः नारीवादी स्वरका दृष्टिले *कार्निभल* कथासङ्ग्रह बलियो देखापर्दछ। खासगरी सङ्ग्रहका 'के पटापेक्ष हुन्छ र कथाको ?' र 'समाचार' कथाले नारी पहिचान र अस्तित्वको मुद्धालाई राम्रैसँग उठाएका छन्। समय र परि स्थितिले जतिसुकै फड्को मारे पनि नेपाली समाजमा नारीलाई हेर्ने पुरातनवादी दृष्टिकोणमा अपेक्षित परिवर्तन आउन सकेको छैन। अझै पनि नेपाली नारीहरू पितृसत्ताकै छत्रछायाँमा हुर्किरहेका छन्। सहअस्तित्वको भावना विकास हुन सकेको छैन। नारी स्वतन्त्रताको रिमोट पुरुषले नै थिचिरहेको छ। यसर्थ कथाकारले आफ्ना कथाका माध्यमबाट नारीका आवाजलाई बुलन्द गर्नु सान्दर्भिक नै देखिन्छ।

## निष्कर्ष

कथामा मूलतः स्वर र शैली दुवै पक्ष बलियो भएर आउनुपर्दछ। स्वरविनाको शैलीले मात्र पनि खास अर्थ राख्दैन। मूल स्वरका दृष्टिले *कार्निभल* कथा सङ्ग्रहलाई विश्लेषण गर्दा सबल नै देखिन्छ। यसले भिन्नभिन्न विषय, घटना, पात्र, सन्दर्भ र प्रसङ्गलाई नवीन शैलीका साथ प्रस्तुत गरेको छ। खासगरी आधुनिक र उत्तरआधुनिक भावधारा र शैलीमा कथाहरू बुनिएका छन्। न्याय पाऊँ सरकार १ र २ कथामा ऐतिहासिक, पौराणिक र यथार्थ पात्र, घटना र सन्दर्भलाई उपस्थित गराएर समसामयिकता प्रदान गरिएको छ भने कतिपय कथामा पशुको बाँच्न र यौनक्रीडा गर्न पाउने नैसर्गिक/प्राकृतिक अधिकारको आवाजलाई उठाइएको छ। यसै सन्दर्भमा विज्ञानले आविष्कार गरेको प्रविधिको दुरूपयोगप्रति चासो र चिन्ता प्रकट गर्ने काम कथाकारले गरेका छन्। कतिपय कथामा सामाजिक विकृति र विसङ्गतिको विरोध गरिएको छ भने बहुविवाहको विरोध गर्दै नारी पहिचान र अस्तित्वको खोजीसमेत गरिएको पाइन्छ। नेपालको ऐतिहासिक कालखण्डको जगमा उभिएर द्वन्द्वकालीन परिवेशको चित्रण गर्नुका साथै द्वन्द्वले नेपालको सुदूर बस्तीमा बस्ने नागरिकमा छाएको निराशाको भावलाई स्वैरकल्पनाका माध्यमबाट कथामा प्रस्तुत गरिएको छ। आधुनिक भावधारामा केन्द्रित भएर लेखिएको 'ठुलाबा' कथाका माध्यमबाट गाउँ कुरेर काल पर्खेर बसेका वृद्ध बाआमामा छाएको नैराश्य र लेखकको गाउँप्रतिको मोहलाई चित्रण गरिएको छ। साथै यौन मनोविज्ञानको प्रस्तुति पनि सङ्ग्रहको मूल स्वर बनेर देखापर्दछ। सङ्ग्रहभित्र दुवै लेख्यचिन्हलाई सँगै प्रस्तुत गरेर नयाँ प्रयोग गरिएका ठाउँहरू पनि भेटिन्छन्।

यति हुँदाहुँदै पनि *कार्निभल* मा केही सीमाहरू अवश्यै औँल्याउन सकिन्छ। बौद्धिकता र तार्किकताले थिचिएका कतिपय प्रयोगशील कथाहरूको शैलीगत जटिलताले बौद्धिक पाठकको अपेक्षा गरेका छन्। यस्ता प्रयोगशील कथाहरूमा लेखकको हृदयभन्दा मस्तिष्क सक्रिय रहेको पाइन्छ। कतिपय कथामा घटनाको विकासलाई स्वभाविकरूपमा अगाडि बढ्न नदिएर परिणतिमा पुऱ्याउन लेखक हतारिएको देखिन्छ। विपीका कथामा अन्यायमा परेका नारी पात्रलाई न्याय दिन खोजिएको तर 'टुसा व्यापारी' कथामा टुसा व्यापारीकी श्रीमती सस्तो वस्तुका (जिन्स पाइन्टका लागि) रूपमा पुलिससँग बिकेको देखाइएको छ। त्यस्तै 'बोके जुलुस' मा बोकाहरूलाई भाषाको प्रयोग गर्न लगाएर पशुको प्राकृतिकपनको हत्या गरिएको छ। 'बिदाइ' कथामा विश्व नै गाउँमा परिणत भइरहेको बेला राष्ट्रियताको सन्दर्भ उठाउनु, 'य्याई' कथामा २३ वर्षकी सावित्रीलाई बुढी कन्याका रूपमा प्रस्तुत गर्नु, 'टुसा व्यापारी' कथामा पोथी जातिप्रति अलि बढी नै पूर्वाग्रही देखिनुजस्ता सीमाहरू कथामा देखिन्छन्। *कार्निभल* मा विरेको गीत पटकपटक पुनरावृत्ति हुनुको खास अर्थ देखिँदैन। प्रशस्त विकल्प हुँदाहुँदै पनि कथामा अङ्ग्रेजी भाषाका शब्दहरू धेरै खर्चनुलाई पनि सीमाका रूपमा औँल्याउन सकिन्छ। यति भएर पनि नेपाली साहित्यमा *कार्निभल* कथासङ्ग्रह भाव सघनता र मूल स्वरका दृष्टिले अब्बल कृतिका रूपमा दर्ज भएको छ।

## सन्दर्भ सूची

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दोस्रो संस्करण), साझा प्रकाशन।

गौतम, लक्ष्मणप्रसाद (२०७०), *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना* (दोस्रो संस्करण), ओरिएन्टल पब्लिकेसन।

गौतम, वसन्त (२७ मार्च २०२०), *अनुहार पुस्तिका,* https://m.facebook.com/story. php?story_ fbid=pfbid02avoi4rZbxZ64cs35pv4N6XxCwBTcVSDotcHAvQWXvqAshPvQEtvh8SZYPHj9VRz5l&id=100007893224051&mibextid=Nif5oz

थापा, लक्ष्मण (२६ डिसेम्बर २०१९), *कार्निभल कथासङ्ग्रहबारे पाठकीय टिप्पणी, अनुहार पुस्तिका,* "https://m.facebook.com/story.php?story_fbid=pfbid02qhLnGrECqrLLHcgQM1Zxk2jXh5ohoTnNko56voAjaPcwTc7zYTkxHuqHbcNbnmR9l&id=100001840909327&mibextid=Nif5oz" \t "_blank"

पौड्याल, एकनारायण (२०७०), *समालोचनाको स्वरूप र पद्धति,* विमर्श नेपाल ।

पौडेल, सञ्जीव (माघ-चैत्र, २०७६), "कार्निभलको कार्यशाला", *रजस्थल,* वर्ष २३, पूर्णाङ्क ८१, पृ. ७६-८० ।

बस्ताकोटी, भूमिराज (२०७६), *कार्निभल,* बिएन पुस्तक संसार प्रा.लि. ।

भण्डारी, मदन (२०७६ माघ ४), "कार्निभल : छोटो छलफल", *आदर्श समाज राष्ट्रिय दैनिक,* पृ.५ ।

सुवेदी, विष्णु (३१ मार्च २०२१), *अनुहार पुस्तिका,* https://m.facebook.com/story. php?story_fbid=pfbid0Ad86J3Lszs1eTzYDfL88hYkMZGYv2dGvons8qdSYYEEh2egfs3eyK14LMhfpupLpl&id=100002154054711&mibextid=Nif5oz

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (दोस्रो संस्करण), विद्यार्थी पुस्तक भण्डार ।